(बाह्रौं बैठक)

आज मिति २०७९ माघ २४ गते विहिवारका दिन भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री भद्र वहादुर वस्नेत (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री भवानी प्र. मिश्र (लेखा अधिकृत)
- श्री गंगासागर पौड्याल (IT officer)
- श्री सपना कार्की (अ.हे.)
- श्री भुपेन्द्र लाल श्रेष्ठ (प्रा.स.इ./ब्युरोज)

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

प्रस्ताव नं. १ : स्थानीय तह संस्थागत स्व-मूल्याङ्कन सम्बन्धमा ।

प्रस्ताव नं. २ : स्वास्थ्य कार्यालय चौताराको प्राविधिक सहयोगमा संचालित स्वास्थ्य शिवीरको खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : अर्ध बार्षिक समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. ४ : भू- उपयोग परिषदको गोष्ठी तय सम्बन्धमा ।

प्रस्ताव नं. ५ : वडा नं. २ बाट तमु ल्होसार खर्च (१ लाख २१ हजार) माग सम्बन्धमा ।

प्रस्ताव नं. ६ : वडा नं. १ गुम्वा मुनी र काङलाङ गुरुलामा घर मुनी पहिरो रोकथाम सम्बन्धमा ।

प्रस्ताव नं. ७ : साना किसान आलु पकेट कार्यक्रमको कृषक छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ८ : किवि खेतीको लागि विनियोजित बजेट सम्वन्धमा ।

प्रस्ताव नं. ९ : झोलुङ्गेपुलको आवश्यकता पहिचान गरी प्राथमिकिरण गर्ने सम्वन्धमा ।

प्रस्ताव नं १० : विविध ।

**निर्णयहरु**

निर्णय नं. १:

गत आ.व २०७८/०७९ को समग्र क्षेत्र/कार्यहरुको मुल्यांकन गर्दा स्थानीय तह स्वमुल्यांकन क्षमतामा ६६ अंक प्राप्त भएकोले सो अंकलाई अनुमोदन गरि सिस्टममा अपलोड गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २:

भोटेकोशी गाउँपालिकाको आयोजना तथा स्वास्थ्य कार्यालय चौताराको प्राविधिक सहयोगमा मिति २०७९ माघ ३ र ४ मा संचालित स्वास्थ्य शिवीरमा भएको खर्च रु ३ लाख ८१ हजार आपतकालिन कोष/विविध कार्यक्रम खर्च बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३:

भोटेकोशी गाउँपालिकाको चालु आ.व २०७९/०८० को अर्धबार्षिक समिक्षा मिति २०७९ माघ २९ गते बिहान १० बजे गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

मिति २०७९ माघ २६ गते गाउँपालिकाको सभा हलमा दिउँसो १:०० बजे भू- उपयोग परिषदको गोष्ठी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

यस गाउँपालिकाको वडा नं. २ मा आयोजना भएको तमु ल्होसारको लागि रु १ लाख २१ हजार गा.पा चालु विविध कार्यक्रम शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६:

यस गाउँपालिकाको वडा नं. १(साविक वडा नं ४) को गुम्वा मुनी र काङलाङ गुरुलामा घर मुनी पहिरो गई त्यहाँ रहेका घरहरु उच्च जोखिममा रहेको हुनाले विपद कोष बाट गुम्वा मुनी पहिरो रोकथामको लागि प्राविधिक लगत इस्टिमेट बराबरको रकम रु ४ लाख र काङलाङ गुरुलामा घर मुनी पहिरो रोकथामको लागि प्राविधिक लागत इस्टिमेट बराबरको रकम रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:

चालु आ.व २०७९/०८० को साना किसान आलु प्रवर्धन कार्यक्रमको कृषक छनौट को लागि प्रकाशित सुचना अनुसार पेश भएका प्रस्तावनाहरु मध्ये श्री छ्याङसिङ पशु तथा कृषि फर्म वडा नं ९ लाई छनौट गर्ने निर्णय गरीयो ।

निर्णय नं. ८:

चालु आ.व २०७९/०८० को हिउँदे गाउँसभा बाट स्वीकृत किवि खेती प्रवर्धन कार्यक्रम छनौटको लागि ७ दिने सूचना प्रकाशन गरि पेश भएका प्रस्तावनाहरु मध्ये छनौट गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

यस गाउँपालिका अन्तरगत पर्ने विभिन्न खोलाहरुमा अति आवश्यक रहेका तथा बनाउनु पर्ने झोलुङ्गे पुलहरु प्राथमिकिरण गरि तपशिल बमोजिम पेश गर्ने निर्णय गरियो ।

**प्राथमिकीकरण**

१) डाकर्पो खोला झोलुङ्गे पुल निर्माण - वडा नं ५
२) काङलाङ सोताङ खोला झोलुङ्गे पुल निर्माण - वडा नं १
३) लाक्पाटुसा चंदर्कु झोलुङ्गे पुल निर्माण - वडा नं ४
४) दोटे खोला झोलुङ्गे पुल - वडा नं १
५) कोदारी घट्ट खोला झोलुङ्गे पुल - वडा नं २
६) कोदारी भूमे डाँडा झोलुङ्गे पुल - वडा नं २
७) खोकुण्डोल दुगुना दुमीथान जोड्ने पुल - वडा नं ३ र ४

८) नारायण मन्दिर देखि तारतोङ गाउँ जोड्ने झोलुङ्गे पुल वडा नं ४

९) चंगोल खोला पुल वडा नं ३ झोलुङ्गे पुल वडा नं ३

निर्णय नं. १०:

क) यस गाउँपालिकामा गाउँ कार्यपालिकाको बैठक बाट भएका निर्णयहरु निर्णय भएको मितिले देखि देखि ५ दिन भित्र गाउँपालिकाको वेव साइट राख्ने साथै चालु आ.व. २०७९/०८० को श्रावण पछिका सबै निर्णयहरु पनि कार्यालयको वेव साइटमा राख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

ख) वडा नं ४ को जैमिन थैपी नारायण मन्दिर संरक्षणको लागि रु १ लाख ८० हजार विपद कोष बा विनियोजन गर्ने निर्णय गरियो ।

ग) चालु आ.व २०७९/०८० को संघिय शसर्त अनुदान मत्स्य मिसन कार्यक्रम अन्तर्गत रेन्बो ट्राउ माछाको पकेट स्थापनाको प्रथम पटक प्रकाशित सूचनाबाट १ मात्र आवेदन पेश भएकोले पुनः दिनको समय दिई दोस्रो पटक सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

घ) भोटेकोशी गाउँपालिकाको वडा नं ३ स्थित तार्तुङ बोक्चेन वाल निर्माण को लागि विपद कोष बाट प्राविधिक लागत इस्टिमेट बराबरको रकम रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

ङ) यस भोटेकोशी गाउँपालिकामा बस्ने शेर्पा/तामाङ समुदाय तथा बुद्धिस्ठ धर्मावलम्बीहरुको महत्वपू चाड ग्याल्बो ल्होसारको अवसरमा २०७९ फागुन १० र ११ गते सार्वजनिक विदा दिने निर्णय गरिय ।साथै गाउँपालिकाले २०७९ फागुन १५ र १६ गते ग्याल्बो ल्होसार कार्यक्रम गर्ने निर्णय गरियो

च) बर्षायाममा बिग्रिएको पालिका भरिको सडक सरसफाईको लागि साविकमा विनियोजित रु ३० लाख म नपुग हुने रु १ लाख थप हुने गरि जम्मा ३१ लाख रकम विनियोजन कायम गर्ने र उक्त रकम सड तथा पुलपुलेसामा विनियोजित ६५ लाख मध्ये बाट प्राविधिक शाखा बाट पेश भएको कार्य सम्प प्रतिवेदन अनुसार इन्धन, मेन्टेनेन्स खर्च, अपरेटर तथा सहायक भत्ता, ढुङ्गा जाली खरिद, श्रमिक ज्या सहितको बिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

छ) चालु आ.व २०७९/०८० को एक घर एक टनेल कार्यक्रम अन्तर्गत फलामे टनेल कार्यक्रम अन्तर्ग २०% लागत साझेदारीमा सम्पन्न हुने गरि तपशिल बमोजिम छनौट गरि १५ दिने सूचना प्रकाशन ग निर्णय गरियो ।

तपसिल :

| क.स. | वडा नं . | फलामे टनेला संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं .१ | 16 | |
| 2 | वडा नं .२ | 7 | |
| 3 | वडा नं .३ | 7 | |
| 4 | वडा नं४ . | 15 | |
| 5 | वडा नं .५ | 15 | |
| | जम्मा | 60 | |